अध्यापन, अनुसन्धान तथा व्यवस्थापनमा कम्तीमा पन्ध्र (१५) वर्षको अनुभव प्राप्त इच्छुक महानुभावहरूले यस मन्त्रालयको वेभसाइट www.mohp.gov.np मा समेत राखिएको यस सूचन बमोजिम आफ्नो बायोडाडा (Bio-data) तथा व्यक्तिगत संक्षिप्त विवरण (Brief Personal Statement) मन्त्रालयको ईमेल ठेगाना: info@mohp.gov.np र khagarajbaral@gmail.com मा वा यस मन्त्रालयको नीति, योजना तथा अनुगमन महाशाखामा पाँच (५) दिन भित्रमा विवरण पठाउनुहुन वा बुझाउनुहुन सम्बन्धित सरोकारवालाहरूलाई जानकारी गराइन्छ ।

गोरखापत्र
२०७६।१०।६, सोमवार

नेपाल सरकार

# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

## नेपाल ईन्टरमोडल यातायात विकास समितिको कार्यकारी निर्देशकको नियुक्तिका लागि गठित छनोट तथा सिफारिस समिति

## पदपूर्तिसम्बन्धी सूचना

**(प्रथमपटक प्रकाशित मिति २०७६/१०/०६)**

नेपाल ईन्टरमोडल यातायात विकास समितिमा रिक्त कार्यकारी निर्देशक पदमा खुला प्रतिस्पर्धात्मक प्रतियोगिताद्वारा पदपूर्ति गर्ने भएकोले देहायको योग्यता भएका इच्छुक नेपाली नागरिकहरूबाट यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र कार्यालय समयमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सरकारी उद्योग तथा संस्थान शाखा, सिंहदरबार, काठमाडौँमा सिलबन्दी आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। रीत नपुगी आएका र समयभित्र प्राप्त नभएका दरखास्तहरू उपर कुनै कारबाही गरिने छैन ।

**१. योग्यता तथा अनुभव:**

(क) मान्यताप्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर शैक्षिक उपाधि हासिल गरेको र सम्बन्धित क्षेत्रको व्यवस्थापकीय वा अधिकृतस्तरमा कम्तीमा ५ (पाँच) वर्ष कार्य गरेको ।

(ख) तीस वर्ष उमेर पूरा भएको ।

**नोट:** यस सूचनाको प्रयोजनको लागि "सम्बन्धित क्षेत्र" भन्नाले नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा आंशिक लगानीमा स्थापना भएको सार्वजनिक संस्थान वा निकाय वा संगठित संस्था वा संयुक्त राष्ट्र संघीय प्रणालीमा व्यापार, पारवहन, लजिस्टिक व्यवस्थापन, पूर्वाधार विकासमध्ये कुनै क्षेत्रमा व्यवस्थापकीय वा अधिकृतस्तरमा कार्य गरेको भन्ने बुझिन्छ ।

**२. निवेदकले दरखास्तसाथ पेस गर्नुपर्ने कागजातहरू:**

(क) दरखास्तसाथ पासपोर्ट साईजको दुईप्रति फोटो एवं उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको website: www.moics.gov.np मा प्रकाशित नेपाल ईन्टरमोडल यातायात विकास समितिको कार्यकारी निर्देशकको छनोट तथा सिफारिससम्बन्धी कार्यविधि, २०७६ को दफा २ र ३ बमोजिमका कागजात तथा विवरणहरू स्वयंले प्रमाणित गरी पेस गर्नुपर्नेछ ।

(ख) कार्यविधिको दफा ६ बमोजिम उम्मेदवारले तयार गरेको व्यावसायिक कार्ययोजना सिलबन्दी खामभित्र राखी पेस गर्नुपर्नेछ । सो सिलबन्दी खामबाहिर "नेपाल ईन्टरमोडल यातायात विकास समितिको कार्यकारी निर्देशकको लागि व्यावसायिक कार्ययोजना" उल्लेख गरेको हुनुपर्नेछ ।

**३. व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण:**

छनोट सूचीमा परेका उम्मेदवारले आफूले पेस गरेको व्यावसायिक कार्ययोजना तोकिएको मिति र समयमा प्रस्तुतीकरण गर्नुपर्नेछ र तोकिएअनुसार अन्तर्वार्तामा सम्मिलित हुनुपर्नेछ ।

**४. दस्तुर:**

दरखास्त दस्तुरबापत उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको कार्यालय कोड नं. ३०७००३५०१, राजस्व खाता नं. ००१००१०६२००००० तथा राजस्व शीर्षक १४२२४ मा जम्मा हुने गरी एभरेष्ट बैंक, सिंहदरबार शाखामा रू. ५,०००/- (अक्षरेपी पाँच हजार) मात्र बुझाएको सक्कलै भौचर पेस गर्नुपर्नेछ ।

**५. सेवा सुविधा:**

कार्यकारी निर्देशकलाई प्रचलित ऐन, नियम र कानूनबमोजिमको मासिक पारिश्रमिक र अन्य सेवा सुविधा उपलब्ध गराइनेछ ।

**६. अन्य विवरण:**

क. यो सूचनाबमोजिम प्राप्त भएका दरखास्तहरू मन्त्रालयले कुनै कारण उल्लेख गरी वा नगरी रद्द गर्न सकनेछ ।

ख. आवेदकले झुट्टा विवरण वा कागजात पेस गरेको पाइएमा आवेदन रद्द हुनुका साथै प्रचलित कानूनबमोजिम कारवाही हुनेछ ।

ग. यससम्बन्धीथप जानकारीका लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सरकारी उद्योग तथा संस्थान शाखाको टेलिफोन नं. ४२११६७१ मा सम्पर्क गर्न सकिनेछ ।